# १७ औं गाउँ सभा अधिवेशन

## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुती


गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,ग्वालटार सिन्धुली

बागमती प्रदेश, नेपाल

ईमेल:info@golanjormun.gov.np

सम्पर्क नं ९८५४०४५१९३


मिति २०८२ साल असार ७ गते

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

# गोलन्जोर गाउँपालिकाको

## आ.ब. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

यस गोलन्जोर गाउँपालिकाको १७ औं गाउँसभामा उपस्थित गाउँसभा सदस्यज्यू हरु, सभाका सचिवज्यू, कर्मचारी मित्रहरु, पत्रकार साथीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु।

यस गरिमामय सभा मार्फत २०८१ को वर्षे अधिवेसनमा हामी माझ रहनु भएका र गत वर्ष सडक दुर्घटनामा दुःखद मृत्युवरण गर्नुभएका यस सभाका सदस्य उदय बहादुर मश्राङ्गी मगर लगायत राष्ट्र, राष्ट्रियता, जन-आन्दोलन एवम् सामाजिक परिवर्तनका आन्दोलनहरुका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु साथै घाइते, अपाङ्ग तथा बेपत्ता परिवारजनको योगदान प्रति सम्मान प्रकट गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु दोस्रो कार्यकालको तेस्रो वर्ष पूरा गरि चौथौ वर्षमा प्रवेश गरेका छौं । यस गरिमामय सभा मार्फत गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु। बार्षिक नीति तथा कार्यक्रम तर्जुमा क्रममा गाउँपालिकालाई महत्वपूर्ण तथा रचनात्मक सल्लाह सुझाव दिनु हुने सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदिबहिनीहरु, कर्मचारी, राजनीतिक दल, गैरसरकारी संघसंस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको चाहना र निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने क्रममा शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता क्षेत्रहरुको भौतिक पूर्वाधार निर्माणमा हामीले ठूलै फड्को मारेका छौं । स्वास्थ्य, शिक्षा, खानेपानीका क्षेत्रहरुको कतिपय भौतिक निर्माण कार्य सम्पन्न भएका छन भने कतिपय निर्माणधिन अवस्थामा रहेका छन ।

संघीय लोकतान्त्रिक गणतन्त्र संविधानले परिकल्पना गरेको जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको यस स्थानीय सरकार जनआकांक्षा अनुसार गाउँपालिकाको विकास निर्माण, सुशासन, शान्ति, समुन्नत बनाउन तथा गाउँपालिकाका नागरिकहरुको जीवनस्तर उकास्न हामीले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी भूमिका रहनेछ भन्ने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रममा जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क राख्ने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा वृद्धि, उच्चतम प्रविधि तथा प्रणालीको प्रयोग गर्ने जस्ता नीति तथा कार्यक्रमहरु अवलम्वन गरिएको छ। कृषि तथा पशुपन्छी, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, भौतिक पूर्वाधार, सामाजिक विकास, विपद व्यवस्थापन, खानेपानी तथा सरसफाइ, राजश्व चुहावट नियन्त्रण तथा सुचना प्रविधिको उच्चतम प्रयोग गर्ने जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा वार्षिक कार्यक्रम तय गरेको छु।

**आदरणीय गाउँसभाका सदस्यज्यहरु,**

मिति २०८१ साल असोज १०, ११ र १२ गते आएको अविरल वर्षा र त्यसपछिको बाढी पहिरो र डुवानका कारण यस गाउँपालिकाले धेरै धनजनको क्षति व्यहोर्नु पर्यो। जस अन्तर्गत गोलन्जोर गाउँपालिकाको वडा नं ७ को खुर्कोट बजार, वडा नं १, २, ३ र ६ को खेतीयोग्य जमिन, विद्यालय, वडा कार्यालय, मन्दिर, तथा अन्य भौतिक संरचनामा क्षति पुग्यो। हामी सँग भएका सीमित स्रोत साधनहरु बाट तत्कालै खोज उद्धार तथा राहत वितरण गर्न केहि कठिनाईहरु भएतापनि उद्धार तथा राहत वितरणका कार्यहरु तत्काल शुरु गरिएको थियो। सुनकोशी नदीको बाढी बाट प्रभावितहरुको खोज उद्धार गर्ने क्रममा गोलन्जोर-०३ मा ६४ जना बाढी प्रभावितहरुलाई कौशिका मा.वि. र गोलन्जोर-०७ खुर्कोटमा स्थानीय बासिन्दाको सहयोगमा सामूहिक मेस संचालन गरी खुर्कोट तल्लो बजारका बाढी प्रभावित र बिच्चलीमा परेका यात्रुहरुलाई सामूहिक खानपानको व्यवस्था गरेका थियौं । बाढी पहिरोबाट क्षति भएका खानेपानी संचालन गर्ने, अवरुद्ध सम्पूर्ण सडक खोल्ने, विद्युत लाईन सुचारु गर्ने, यात्राका क्रममा अलपत्र परेका यात्रुहरुलाई उद्धार गर्ने, राहत वितरण गर्ने कार्य तत्कालै सम्पन्न गरिएको थियो। विभिन्न साझेदार संस्थाहरु सँग समन्वय गरी विपद प्रभावित क्षेत्रमा क्षति भएका लिफ्ट खानेपानी आयोजनाहरु, विद्यालय भवन, सिँचाई कुलो, अपाङ्गमैत्रि सार्वजनिक शौचालय निर्माण तथा पुर्ननिर्माण गर्ने कार्य सम्पन्न गरियो । विपद प्रभावित ८६ घर को अस्थायी आवास निर्माणका लागि प्रथम किस्ता वापतको रकम माग गर्नुका साथै पूर्ण क्षति भएका तथा आंशिक क्षति भएतापनि बस्न



शंकर राज बराल
अध्यक्ष

नमिल्ने घरहरुको विस्तृत क्षतिको आँकलन (DDA) सम्पन्न गरिएको थियो । बहुक्षेत्रिय नगद सहयता कार्यक्रम अन्तर्गत पहिलो चरणमा विपद प्रभावित १२८ घर परिवार लाई रु. १५०००/- का दरले वितरण गरियो र दोश्रो चरणमा अपाङ्ग, गर्भवती/ सुत्केरी, एकल महिला र फरक क्षमता भएका प्रभावितहरु लाई थप १५०००/- का दरले प्रभावित व्यक्तिहरुकै बैंक खातामा उपलब्ध गराउने कार्य सम्पन्न गरिएको थियो । विपदको समयमा अहोरात्र खटिई हामीलाई सहयोग गर्ने विभिन्न साझेदार संस्थाहरु, स्थानीय बासी, कर्मचारी, सुरक्षा निकाय, संचारकर्मी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै कृतज्ञता व्यक्त गर्दछु ।

अब म आ ब २०८१।०८२ मा लिएका नीति तथा कार्यक्रमहरुको मुख्य उपलब्धीहरुको यस सभामा संक्षिप्तमा समिक्षा गर्न चाहन्छु।

- ✓ गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ। गाउँपालिकाको प्रशासनीक भवन निर्माण कार्य सम्पन्न गरि आर्थिक वर्ष २०८२/०८३ बाट आफ्नै कार्यालयबाट सेवा प्रवाह गरिनेछ ।
- ✓ गोलन्जोर गाउँपालिका वडा नं ०३ मा निर्माणाधिन अवस्थामा रहेको गाउँपालिका स्तरीय आधारभुत अस्पतालको निर्माण उपकरण जडान कार्य अन्तिम चरणमा रहेकोले सो निर्माण कार्य सम्पन्न गरी आर्थिक वर्ष २०८२/०८३ बाट सेवा प्रारम्भ गरिनेछ ।
- ✓ एक घर एक धारा कार्यक्रम अन्तर्गत गैर सरकारी संस्था Back to life e.v को आर्थिक सहयोगमा गाउँपालिकाको वडा नं ३ को मुर्की गाउँ र थाङ्ग्रेमा प्रत्येक घरमा धारा निर्माण योजना सम्पन्न गरी स्वच्छ र सुरक्षित खानेपानीमा स्थानीय जनताको सहज पहुँच पुर्याइएको छ।
- ✓ एक घर एक धारा कार्यक्रम अन्तर्गत सिड्स नेपाल सिन्धुली सँगको साझेदारीमा माझकुभिण्डे खानेपानी योजना संचालनमा ल्याइएको छ ।
- ✓ सामुदायिक विद्यालयहरुको भवन तथा शौचालय निर्माण गर्ने उद्धेश्य अनुरुप गाउँपालिकाको वडा नं ०३ को मुर्कि वेसीमा कुशेश्वरी आधारभूत विद्यालय तथा शौचालय र वडा नं ४. ट्वाङ्ट्वाङ्गेमा प्रा.वि. ट्वाङ्ट्वाङ्गे विद्यालय भवनको निर्माण कार्य सम्पन्न भई पठनपाठन सुचारु गरिएको छ ।
- ✓ ब्याक टु लाइफ इ.भी. नामक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको आर्थिक सहयोगमा गोलन्जोर गाउँपालिकाको वडा नं ६ को घोक्सिला, वडा नं ०४ को किराते र माझकुभिण्डेमा स्वास्थ्य चौकी भवन निर्माण तथा उपकरण जडान सम्बन्धी कार्य भइरहेको छ ।
- ✓ गोलन्जोर गाउँपालिकाको वडा नं. ४ टाँडीमा नेपाल स्वास्थ्यको लागि पानी (नेवा) कार्यक्रमसँगको साझेदारीमा टाँडी खानेपानी योजना सम्पन्न भएको छ ।
- ✓ यस गाउँपालिकाको आयोजना र निजामती अस्पताल काठमाण्डौको सहकार्यमा विशेषज्ञ सेवा सहितको निःशुल्क बृहत स्वास्थ्य शिविर सम्पन्न गरिएको छ । उक्त शिविरबाट १९९७ जना लाभान्वित भएका छन् ।
- ✓ सम्पूर्ण स्वास्थ्य संस्थाहरु मार्फत महिलाहरुको पाठेघरको स्क्रिनिङ्ग र गर्भवती महिलाहरुको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सम्पन्न गरिएको छ ।
- ✓ गाउँपालिकाको ७ वटै वडामा एकिकृत घुम्ती शिविर मार्फत जेष्ठ नागरिक परिचय पत्र वितरण, स्वास्थ्य परिक्षण, सामाजिक सुरक्षाभत्ता वितरण, कृषि तथा पशुपन्छी सेवा, व्यवसाय दर्ता तथा राजस्व संकलन जस्ता सेवा प्रवाह गर्ने कार्य सम्पन्न भएको छ ।
- ✓ गोलन्जोर-२ वितिजोरमा बाल मा. वि. सुलिभञ्ज्याङ्गको दुई तल्ले विद्यालय भवनको निर्माण कार्य सम्पन्न हुन लागेको छ ।
- ✓ गोलन्जोर गाउँपालिकाको वडा नं ०४ माझकुभिण्डेमा वडा कार्यालय भवन निर्माणधिन अवस्थामा रहेको छ।
- ✓ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाबाट निर्माण सम्पन्न भएको कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन हस्तान्तरण भई संचालनमा ल्याइएको छ । उक्त भवनबाट विशिष्टीकृत सेवा अन्तर्गत निःशुल्क रुपमा माटो तथा गोबर परिक्षण सेवा सुचारु गरिएको छ।
- ✓ बागमती प्रदेश सरकारको वित्तिय हस्तान्तरित कार्यक्रम अन्तर्गत वडा नं ४ मा दुई वटा कोल्ड रुम निर्माण कार्य सम्पन्न भएको छ ।

शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

- ✓ गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ७ वटै वडा बाट २० जना लाई मिनिटिलर मर्मत सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- ✓ गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत वडा नं ५ मा १५ दिने अचार बनाउने सीप विकास तालिम र वडा नं १ मा ३ महिने कटाई सिलाई सीप विकास तालिम संचालन गरिएको छ ।

हामी सँग प्राप्त सिमित स्रोत र साधनको अधिकतम उपयोग गरी थप उर्जा सहित बाँकी कार्यकालको साझा दस्तावेजको शुरुवातको रुपमा यो नीति तथा कार्यक्रमले काम गर्नेछ भन्ने विश्वासका साथ गोलन्जोर वासी नागरीकले गर्नुभएको विश्वासलाई आत्मासाथ गर्दै जनताको सबभन्दा नजिकको सरकारको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम निम्न विषयहरुको प्राथमिकता साथ बनाउने प्रयत्न गर्दै यहाँहरुको बिचमा प्रस्तुत गरेको छु ।

- ❖ गोलन्जोर गाउँपालिकामा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी सहयोगी संस्थाहरुको लागि लगानी मैत्री वातावरणको सिर्जना गरी साझेदारीमा गरिने कार्यलाई थप प्राथमिकता दिइनेछ ।
- ❖ विद्यालय शिक्षामा सुधार गर्न र विद्यार्थी भर्नामा बृद्धि गर्न विद्यालयमा अभिभावकलाई समेत जिम्मेवार बनाउदै शिक्षामा गुणस्तर कायम गर्न र प्रतिस्पर्धी बनाउन आवश्यक कार्यक्रम ल्याइनेछ ।
- ❖ कृषिलाई व्यवसायीकरण, आधुनिकिकरण र बजारीकरण गर्दै तरकारी तथा फलफुल उत्पादनलाई विशेष प्राथमिकता राखिनेछ साथै गोलन्जोर गाउँपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा खेति गर्न सकीने थप फलफुल तथा तरकारी र अन्य नगदे बालीहरुको अध्ययन गरिनेछ ।
- ❖ जनताको स्वच्छ र सफा खानेपानी प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न एक घर एक धारा निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिका भित्र सबै जनता स्वस्थ भन्ने नाराका साथ शुरु गरीएको स्वास्थ्य विमा कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।
- ❖ बालमैत्री स्थानीयतह निर्माणको क्रमलाई विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा अगाडी बढाइनेछ ।
- ❖ गोलन्जोर गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउने कार्यलाई थप सुदृढ गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।जनताले समयमानै सेवा प्राप्त गर्ने वातावरण निर्माण गरी जनमुखी प्रशासन निर्माणमा जोड दिइनेछ ।
- ❖ स्वस्थ जिवनका लागि खेलकुद भन्ने मुल नाराका साथ खेलकुद संरचना निर्माण गर्नुका साथै खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- ❖ जोखिममा रहेका समुदाय तथा नागरिकहरुको सुरक्षाको लागि आवश्यक कार्यक्रम निर्माण गरी उनीहरुको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याइनेछ ।
- ❖ गाउँपालिका भित्र रहेका पर्यटकिय क्षेत्रहरुको पहिचान गरी कृषि, धार्मिक, सास्कृतिक र पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सम्बर्द्धनको कार्य गरिनेछ ।

आदरणीय सभाका सदस्यज्यू,

गोलन्जोर गाउँपालिकाको लागि आर्थिक वर्ष २०८२।०८३ गाउँपालिकाको ईतिहासमा ऐतिहासिक र महत्वपूर्ण रहनेछ । यस वर्ष हामीले प्रशासकीय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रारम्भ गरेका हुनेछौं भने गाउँपालिकाको आधारभूत अस्पताल निर्माण सम्पन्न गरी नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याइनेछ ।

स्रोत र साधनको सिमितताको कारण जनताको सबै विकासका अपेक्षाहरु एकै पटक पूरा गर्न कठिन छ । यसर्थ आवश्यक्ता प्राथमिकता, संभाव्यता र औचित्यताको आधारमा बजेटको सिमितताका बिच बाट विकासको बाटो पहिल्याउने मूल उद्देश्यले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। गाउँपालिकाले अवलम्बन गर्नुपर्ने दिर्घकालिन लक्ष्य र योजनाको भावनालाई आत्मासाथ गर्दै अव म यस गरिमामय गाउँसभामा क्षेत्रगत रुपमा आ व २०८२।०८३ को गोलन्जोर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

१. आर्थिक विकास:-

➢ कृषि तथा पशुपन्छी

- कृषि तथा पशुपन्छी सेवा केन्द्र भवनबाट माटो परिक्षण, ट्राइकोडर्मा उत्पादन, झोल मल उत्पादन, तरकारी बेर्ना उत्पादन, गोबर परिक्षण, दुध परिक्षण, पशु उपचार लगायतका विशिष्टीकृत सेवा संचालनमा ल्याइनेछ ।
- कृषकको वर्गीकरण, किसान परिचय पत्र वितरण: संघ सरकार र प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा गोलन्जोर गाउँपालिका भित्र रहेका कृषकहरुको वर्गीकरण गरि पहिचान सहितको किसान परिचय पत्र वितरणको शुरुवात गरिनेछ ।
- गोलन्जोर जुनार ब्रान्डिङ्ग, बजारीकरण र उत्सव: गोलन्जोर जुनारको पहिचान स्थापित गर्न र स्थानीय अर्थतन्त्रमा वृद्धि ल्याउन गोलन्जोर जुनार ब्रान्डिङ्ग र बजारीकरण गरिनेछ साथै जुनार विशेष उत्सव/महोत्सवको आयोजना गरिनेछ ।
- जुनार/सुन्तलामा लाग्ने फल कुहाउने औसा र सुँडे मोथ पुतली रोकथामको लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।
- स्थानीय एवम् रैथानेबालीको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन: गोलन्जोर गाउँपालिका भित्र रहेका स्थानीय एवम् रैथाने बालीहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागी रैथानेबालीको वीउ संकलन, उत्पादन प्रवर्द्धन, भण्डारण, बजारीकरण र उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन बागमती प्रदेश सरकारसँगको साझेदारीमा एक वडा एक उत्पादन कार्यक्रम कार्यान्वयन गरिनेछ।
- प्याज खेतीको क्षेत्र विस्तार, वीउ उत्पादन, उत्पादन र उत्पादकत्वमा वृद्धि गरि प्याज संकलन, भण्डारण, प्याकेजिङ्ग र वजारीकरणमा आवश्यक सहजीकरण गरिनेछ ।
- खाद्यान्न, दलहन, तरकारी, फलफुल, उत्पादनमा उत्पादक र उपभोक्ता वीचको अन्तर मूल्यलाई कम गर्न सहकारी मार्फत बजारीकरणको लागि आवश्यक सहजीकरण गरिनेछ ।
- संघ सरकार, प्रदेश सरकार, स्थानीय तह र विभिन्न संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र, हाटबजार, कासेली घर स्थापना/सुदृढीकरण गरि संचालन गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय तहबाट संचालन गरिने कृषि विकासका कार्यक्रमलाई दोहोरपना हुन नदिन तीनै तहको सरकार सँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ ।
- नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल वितरण प्रणालीलाई बैज्ञानिक र प्रभावकारी बनाईनेछ ।
- बाली तथा पशुपन्छी बीमाको कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल वीमा प्राधिकरण र बीमा कम्पनीहरु सँग समन्वय र सहकार्य गरि कृषकहरुको पहुँचमा पुर्याउन पहल गरिनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र प्रतिश्पर्धी बनाउन एवम् उत्पादन लागत कम गर्न कृषि तथा पशुपालनमा यान्त्रीकरणका लागि लागत साझेदारीमा यन्त्र उपकरण तथा प्रविधि हस्तान्तरण गरिनेछ ।
- प्राँगारिक खेती प्रवर्द्धनको लागि भकारो सुधार, पशुमुत्र संकलन, प्राँगारिक मल, भर्मि कम्पोष्ट, जैविक मल, बानस्पितक /जैविक विषादीको प्रयोग गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषि मेला प्रदर्शनी, कृषक पाठशाला, कृषक दिवस, बाली उपचार शिविर, परिक्षण प्रदर्शन र विभिन्न विषयगत तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार क्षेत्रमा कार्यरत अनुभवी विषय विशेषज्ञद्वारा तालिम गोष्ठी संचालन गरि गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिकहरुको क्षमता अभिवृद्वि गरिनेछ ।
- कृषकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विभिन्न बाली विशेष स्थलगत तालिम संचालन गरिनेछ ।
- कृषि उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम यसै वर्ष देखि प्रारम्भ गरिनेछ।
- बेमौसमी तरकारी उत्पादनका लागि आवश्यक प्लाष्टीक टनेल तथा अन्य औजार, उपकरणहरु वितरण गरिनेछ।
- कृषकका उत्पादनलाई बजारीकरण गर्ने उद्धेश्य ले गाउँपालिका भित्रका कृषक/कृषक समूह/सहकारी लाई लागत साझेदारीमा कृषि एम्बुलेन्स उपलब्ध गराईने छ ।
- ठाउँ तथा हावापानी अनुसारको फलफुलका बोटविरुवा लगाउने कार्यक्रम ल्याइनेछ।
- गरिब तथा विपन्न परिवारहरु पहिचान गरि तरकारी खेती गर्न अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।



शंकर राज बराल
अध्यक्ष

- गोलन्जोर गाउँपालिकाको मौलिक फल जुनारलाई रैथाने फलफुलको जात दर्ता प्रक्रिया शुरु गरिनेछ।
- तल्लो भु-भागमा आटी र माथिल्लो भु-भागमा कफी तथा अलैची खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- वेरोजगार युवा वर्ग लाई कृषि क्षेत्रमा आकर्षित गराउन युवा लक्षित विशेष कार्यक्रम संचालन गरिनेछ।
- फलफुल तथा तरकारीलाई लामो समय सम्म ताजा राख्नका लागि साना साना कोल्ड रुम निर्माण गरिने छ।
- भकारो सुधार तथा खोर सुधार जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- पोषणयुक्त डालेघाँस तथा भुइघाँस को विउ विजन वितरण गरिनेछ।
- किवि, एभोकाडो र ड्रागनफ्रुट प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- उत्कृष्ट कृषक घोषाणा गरी सम्मान गरिनेछ।
- अति विपन्न वर्गका परिवारलाई उन्नत जातका बाख्रापालन, पशुपालन, कुखुरापालन तथा बंगुरपालन व्यवसाय गर्न अनुदान उपलब्ध गराईनेछ।
- दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ।
- दुध बाट उत्पादित वस्तुहरु दहि, मोहि, घ्यू, आदिलाइ प्रशोधन, ब्राण्डिङ्ग तथा बजारीकरण गर्न प्रोत्साहन गरिनेछ।
- उन्नत पशु नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिदै व्यवस्थित र विस्तार गर्दिदै लगिनेछ।
- भुस्याहा तथा छाडा कुकुर व्यवस्थापनको लागि कुकुर बन्ध्याकरण तथा रेविज खोप कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका कृषकका पशुपन्छीहरुमा आकस्मिक रोग तथा विभिन्न प्रकारका रोग देखा परेमा निःशुल्क उपचार गरिनेछ।
- पशुजन्य रोग पहिचानको लागि आवश्यक दक्ष जनशक्ति तथा उपकरण सहितको ल्याव स्थापना गरि संचालन ल्याइनेछ।
- पशु सेवा शाखामा डिस्पेन्सरी कक्ष संचालन तथा वडा पशु केन्द्रमा पशु औषधीको थप व्यवस्थापन गरिनेछ।
- गोलन्जोर गाउँपालिकालाई मासु, दुध, फलफुल र तरकारीमा आत्मानिर्भर बनाउनको लागि उत्पादनमा आधारित प्रोत्साहन अनुदानको कार्यक्रम ल्याइनेछ।
- महामारी रोगहरु विरुद्धको खोप कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

**पर्यटन**

- गाँउपालिका भित्र रहेका ऐतिहासिक धार्मिक स्थल, मठमन्दिर, गुम्बा तथा सांस्कृतिक सम्पदाहरुको पहिचान गरि विशेष कार्यक्रम मार्फत संरक्षण र सम्वर्द्धन गरिनेछ।
- ऐतिहासिक, साँस्कृतिक, धार्मिक, एवंम पुरातात्विक महत्व बोकेको भिमलेश्वर मन्दिर तथा कपुरभुमे ल्यान्द्राङ्ग जस्ता मन्दिरहरुको संरक्षण तथा पदमार्ग निर्माण गरिने छ।
- गोलन्जोर गाँउपालिका भित्र रहेका विभिन्न जातजाति, धर्म, कला सँस्कृति, भाषा, भेषभुषा आदि को संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- गोलन्जोर गाउँपालिकाको सम्भावित पर्यटकीय स्थानहरुको पहिचान गरी पिकनिक स्पट तथा बाल उद्यान निर्माण गरिनेछ।
- खोज अभियान्ता भिम बहादुर थापा प्रतिष्ठानलाई थप व्यवस्थापन गरिदै लगिनेछ ।
- संघ, प्रदेश सरकार तथा गैर-सरकारी संस्थाहरुको सहयोग तथा साझेदारीमा पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधारहरुः खानेपानी, सोलार बत्ती, शौचालय, निर्माण गर्दै लैजाने व्यवस्था मिलाइनेछ।
- गाँउपालिकाको वडा नं ४ र ५ मा होमस्टे संचालनको लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ।
- गोलन्जोर गाउँपालिकाको प्राकृतिक सौन्दर्यतालाई प्रवर्द्धन गर्नका लागि विविध पदमार्ग र ट्रेकिङ मार्गको विकास गरिनेछ ।

➢ **उद्योग तथा बाणिज्यः-**

- गोलन्जोर गाउँपालिका भित्रका उद्यमी तथा गृहिणी महिलाहरुले उत्पादन गरेका उत्पादित वस्तुहरुलाई वजारीकरण गर्नका लागि कोसेली घर निर्माण गरिनेछ ।

शंकर राज बराल
अध्यक्ष

- गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सीपमूलक तालिम लिएका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गरिनेछ।
- गोलन्जोर गाँउपालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि संभाव्यता अध्ययन गरिनेछ र उद्योग स्थापना गर्ने निजि क्षेत्रका उद्योगीहरुलाई विशेष सहुलियत कार्यक्रम संचालन गरिनेछ ।
- गाँउपालिका भित्र संचालनमा रहेका हाट बजार लाई व्यवस्थित रुपमा संचालन गरिदैं लगिने छ ।
- गाउँपालिका भित्र संचालनमा रहेका लघु तथा घरेलु उद्योग लाई प्रवर्द्धन एवम् प्रोत्साहन गरिने छ ।
- सुपथ मूल्य पसल संचालन गर्न ईच्छुक सहकारीलाई विशेष सहुलियत दिने निति लिईने छ ।
- बेरोजगार युवा, वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने सिपमूलक तालिमको व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादित हुने बस्तुहरुको अध्ययन गरी बजार व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।

➢ <u>सहकारी:-</u>

- सहकारी संस्थालाई मर्यादित, व्यवस्थित र विश्वसनीय बनाउन नियमित अनुगमन कार्यलाई जोड दिईनेछ।
- सहकारी मार्फत कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ।
- सहकारीको माध्यमबाट महिलाहरुको क्षमता विकास, सशक्तिकरण तथा आय आर्जनसँग सम्बन्धित कार्यक्रम संचालनमा ल्याइनेछ ।
- सहकारी संस्थाहरुलाई सहकारी विभागद्वारा विकास गरिएको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा आबद्ध गरिनेछ।
- सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुका लागि तालिम, अन्तरक्रिया, अभिमुखिकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- उदेश्य मिल्ने सहकारीहरुलाई मर्जर गर्ने नीति लिइनेछ र मर्जरमा जाने सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषि सहकारीहरु मार्फत बीउ पुँजी परिचालन कार्यक्रम संचालन गरिनेछ।

<u>श्रम तथा रोजगार:-</u>

- हरित रोजगारी सृजना सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ ।
- श्रमसंसार पोर्टलको प्रयोग गर्दै नागरिकलाई थप रोजगारीका अवसरहरु खोजि गर्न सहयोग गरिनेछ ।
- एकिकृत श्रम तथा रोजगार सेवा मार्फत नागरिकलाई व्यवसायिक सिप विकास, रोजगार प्रबर्द्धन, उत्पादनशिल रोजगारी सिर्जना, उद्यमशिलता प्रबर्द्धन आप्रवासन लगायत श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुबिधा स्थानीय तहबाट नै एकिकृत रुपमा प्रदान गर्न शुरु गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मुल नाराका सबै किसिमका काम गर्ने श्रमिकलाई सम्मान गर्ने संस्कारको विकास गरिनेछ ।
- यस गाउँपालिका भित्र बसोबास गर्ने विपन्न तथा गरिबहरुको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिने छ ।
- युवा उद्यमिता प्रवर्द्धन: युवा व्यवसायीहरूको समर्थन गर्दै, नयाँ व्यवसाय सुरू गर्न र उनीहरूको लागि वित्तीय स्रोत र प्रशिक्षकको व्यवस्थापन गर्ने योजना बनाइनेछ। यसले युवामा उद्यमिता प्रवृत्तिको विकास गर्नेछ।
- बेरोजगार जनशक्तिको शैक्षिक योग्यता ,प्राविधिक दक्षता ,इच्छा र अवस्थाको आधारमा उचित तालिम र अवसर प्रदान गरी रोजगारीको अवसर सृजना गरिने छ ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मार्फत वैदेशिक रोजगारबाट फर्केका युवाहरुको तथ्याङ्क संकलन गरी सीपमूलक तालिम को व्यवस्था गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी बनाउने निति लिईने छ ।
- गरिब श्रमिक र मजदुरले कुनै व्यवसाय गर्न चाहेमा आवश्यक तालिम का साथै व्यवसाय सँग सम्बन्धित उपकरण तथा प्रविधि हस्तानतरण गरिने छ ।
- श्रम स्वीकृती र पुन: श्रम स्वीकृतिको सहजीकरणको कार्यलाई स्थानीय तहबाट नै गरिनेछ ।
- परम्परागत हस्तकला सीपको विकासको लागि कार्यक्रम सञ्चालन गरि रोजगारीमा वृद्धि गरिनेछ ।

शंकर राज धराल
अध्यक्ष

२. सामाजिक विकासः-

शिक्षा

- गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा ई-पुस्तकालय, विज्ञान प्रयोगशाला, स्वच्छ पिउने पानी, अन्य शैक्षिक सामाग्री तथा कम्प्युटर कक्षको व्यवस्था गरिनुका साथै सवै विद्यालयहरुमा ई-हाजिरी प्रयोगमा ल्याइनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट अङ्क ल्याउने छात्र छात्राहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ।
- आर्थिक अभावमा पढाईबाट बञ्चित हुन नपर्ने नीति लिइनेछ । अति विपन्न, उत्कृष्ट तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- शैक्षिक क्यालेण्डर र विद्यालय शैक्षिक सुधार योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।
- विद्यालयमा "समग्र विकास र सृजनात्मक सोच" कार्यक्रम मार्फत स्वस्थ जीवनशैली, सस्तो विज्ञान र प्रविधि, सांस्कृतिक धरोहर संरक्षण, इको-फ्रेंडली इन्नोवेशन, नेतृत्व विकास, मानसिक स्वास्थ्य शिक्षा, जैविक खेती र डिजिटल साक्षरता जस्ता महत्त्वपूर्ण बिषयहरू समेट्ने कार्यक्रम ल्याइनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रत्येक वडामा शैक्षिक सुधार अभियान चलाई माध्यमिक तथा आधारभूत तहको नतिजा एवम् समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ।
- विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउदै शिक्षण सिकाईमा प्रविधि प्रयोगमा जोड दिइनेछ।
- संघ प्रदेश सरकार तथा गैर सरकारी संस्था को सहयोग तथा साझेदारीमा विद्यालय भवन, खानेपानी, शौचालय एवम् अन्य आवश्यक भौतिक पूर्वाधारको निर्माण गरिनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण तयार गरी लागु गरिनेछ।
- सवै विद्यालयहरुमा इन्टरनेटको पहुँच पुर्याइने छ।
- गोलन्जोर गाउँपालिकाको एक मात्र उच्च शिक्षा अध्ययन गराइने भिम ज्योती क्याम्पस खुर्कोटलाई गुणस्तरिय र प्राविधिक शिक्षाको अवस्थालाई थप व्यवस्थित गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका निजी विद्यालयले १० प्रतिशत विद्यार्थी निःशुल्क पढाउने नीतिलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ ।
- सामुदायिक विद्यालयको प्रणालीगत सुधार गरी अभिभावकहरुलाई जिम्मेवारी बनाई विद्यालय प्रतिको अपनत्वमा सुधार गरिने छ ।
- कम विद्यार्थी भएका विद्यालयहरु छनौट गरी सरोकारवालाहरुको सहमतीमा विद्यालयको समायोजन कार्यलाई अघि बढाइनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरुको सहभागितामा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरिनेछ।
- शिक्षकहरुको क्षमता विकास गर्न तालिम कार्यक्रम संचालन गरिनेछ।
- गोलन्जोर गाउँपालिका भित्रका स्नातक र स्नातकोत्तर अध्ययनरत विद्यार्थी हरुको लागि इन्टर्नसिप व्यवस्था लागि गरिनेछ ।
- संस्कारयुक्त विद्यालय निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

युवा तथा खेलकुदः-

- हरेक वडामा एक व्यवस्थित खेलकुद मैदान निर्माण गरिनेछ।
- अध्यक्ष कप/उपाध्यक्ष कप राष्ट्रपती रनीङ्गशिल्ड प्रतियोगिता लगायत अन्य सम्पूर्ण खेलकुद प्रतियोगितालाई एकिकृत रुपमा खेलकुद महोत्सबको रुपमा संचालन गरिनेछ।
- आवश्यक कार्यविधि तयार गरि युवा स्वरोजगार कोष स्थापना र संचालन गरिने छ ।
- गाउँपालिका भित्रका सम्पूर्ण मा.वि. विद्यालयहरुमा खेलकुदको विकासको लागि १ जना खेल शिक्षकको व्यवस्थापनको लागि प्रयत्न गरिनेछ।



शंकर राज बराल
अध्यक्ष

- स्थानीय स्तरमा रहेका विभिन्न विधाका खेलाडीको पहिचान गरी विभिन्न कार्यक्रम मार्फत पुरस्कृत गरिनेछ।

स्वास्थ्य तथा आयुर्वेदः-

- आधारभूत, आकस्मिक तथा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन आर्थिक वर्ष २०८२/०८३ बाट १५ शैयाको गोलन्जोर आधारभूत अस्पताल संचालनमा ल्याइनेछ साथै संघ सरकार, बागमति प्रदेश सरकार तथा सहयोगी गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा अस्पतालबाट विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिनेछ ।
- आधारभूत अस्पतालमा नवजात शिशुहरुको जीवन रक्षाका लागि नवजात शिशु सघन उपचार कक्ष (NICU) उपलब्ध अस्पतालमा प्रेषणको व्यवस्था मिलाइनेछ ।
- पालिकाको आधारभूत अस्पतालमा अति गरिब, विपन्न तथा लक्ष्य तोकिएका विरामीको नि;शुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ ।
- गोलन्जोर गाउँपालिका वडा न ४ माझकुभिण्डे र किराँते, वडा नं ६ घोक्सिला, र वडा नं ३ भदौरमा स्वास्थ्य केन्द्र निर्माण सम्पन्न गरि वर्थिङ सेन्टर सुविधा सहितको सेवा सुचारु गरिनेछ ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउन मौजुदा स्वास्थ्य-संस्थाहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- पालिकाको विषयगत नितिहरुलाई स्वास्थ्यमैत्री बनाउनका लागि सबै नितिमा स्वास्थ्य (Health in all Policy) भन्ने अवधारणा लागु गरिनेछ ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन् स्वास्थ्य लगायतका सेवालाई संघ तथा प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।
- महामारीजन्य तथा किटजन्य रोगहरुको रोकथाम नियन्त्रण पूर्व तयारी र प्रतिकार्यका लागि पालिकास्तरमा द्रुत प्रतिकार्य टिम तयारी अवस्थामा राखिनुको साथै आवश्यक औषधि, खोप तथा स्वास्थ्य सम्वन्धी सामाग्रीहरु तयारी हालतमा राखिने कार्यलाई थप प्रभावकारी बनाईनेछ।
- अति सिमान्तकृत तथा लोपोन्मुख जाति, दलित, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, पूर्ण अशक्त, अपाङ्ग भएका परिवारका सदस्यहरुलाई गाउँपालिकाबाट स्वास्थ्य विमा कार्यक्रममा आबद्ध गराई स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- परम्परागत चिकित्सा पद्धतीको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियाप्याथी, योग तथा ध्यान लगायतका स्वास्थ्य पद्धतीको संरक्षण प्रवर्द्धन विकास र विस्तार गर्दै लगिनेछ ।
- नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । किशोरीहरुलाई पाठेघरको क्यान्सरबाट बचाउन संघ र प्रदेश सरकार सँगको समन्वयमा HPV खोप लगाउने कार्यलाई निरन्तरता दिइनेछ
- "सुरक्षित मातृत्व सेवा- गोलन्जोर गाउँपालिका द्वारा गर्भवती र सुत्केरीलाई टेवा" भन्ने मुल नाराको साथ सवै वडाहरुमा बर्थिङ्ग सेन्टर स्थापना गरि सेवा सुचारु गरिने छ ।
- गर्भवती आमा र वच्चाको स्वास्थ्य अवस्थाको पहिचान गरि जटिलताबाट बचाउनको लागि प्रत्येक ३/३ महिनामा तालिम प्राप्त दक्ष जनशक्तिद्वारा निःशुल्क ग्रामिण भिडियो एक्सरे सेवा, गर्भवती तथा सुत्केरीलाई निःशुल्क क्याल्सियम चक्की वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- गर्भवती र सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता दिईनेछ।
- प्रोटोकल अनुसार गर्भ जाँच गराई स्वास्थ्य संस्थामा सुत्केरी गराए वापत प्रत्येक सुत्केरी महिलाई थप प्रोत्साहन रकमको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्यमा समान पँहुच सुनिश्चितताको लागि सबैलाई पायक पर्ने गरि बिशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य परिक्षण र शल्यक्रिया शिबिर सन्चालनलाई निरन्तरता दिईनेछ।
- "घरघरमा स्वस्थ्यकर्मी द्वारा सेवा, दिर्घरोगी र अशक्तलाई टेवा" भन्ने मुल नाराका साथ प्रशामक स्वास्थ्य सेवा कार्यक्रम सन्चालन गरिने छ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य क्षेत्रमा पुर्याउनु भएको योगदानलाई उच्च कदर गर्दै एक अक्षय कोष स्थापना गरि निजको सन्ततीहरुलाई उच्च शिक्षाको लागि प्रोत्साहन गरिने छ।



शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ग्वाल्टार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

- कुपोषण अन्त्य गरि पोषण मैत्री स्थानीय तह घोषणाको लागि स्वस्थ वच्चा प्रतियोगिता (Healthy Baby Competition) कार्यक्रम सन्चालन गरि उत्कृष्ट बच्चा र आमालाई पुरस्कृत गरिनेछ। जसले गर्दा बालबालिकाहरुको पोषण अवस्था सुधार हुनुको साथै प्रोटोकल अनुसार बृद्धि अनुगमनमा प्रगती हासिल हुनेछ।
- सुत्केरी घरभेट कार्यक्रम अन्तर्गत पोषिलो कोसेली कार्यक्रम सुचारु गरिने छ।
- नियमित खोप सेवा, गर्भवती जाँच, प्रसुती जाँच, बृद्धि अनुगमन, प्रोटोकल अनुसार प्रगति हासिल गर्न जाँच गर्ने समय आउनु पूर्व स्वास्थ्यकर्मी द्वारा फोन कल गरि सेवाको दायरामा ल्याउन हेलो सेवा कार्यक्रम संचालनमा ल्याइनेछ । वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने उद्देश्यले स्वास्थ्य आमा समुहलाई थप सुदृढीकरण गराउन म.स्वा.स्वं.से.र स्वास्थ्यकर्मीहरुलाई उत्प्रेरित गरि सहभागी सुनिश्चिततालाई निरन्तरता गरिनेछ।
- कोल्ड चेन व्यवस्थापनको लागि पालिका तथा स्वास्थ्य चौकीमा ब्याकप सहितको रेफ्रिजेरेटरको व्यबस्थापन गरिने छ।
- पालिका तथा हरेक स्वास्थ्य संस्थामा पोषण कर्नर र स्तनपान कक्षलाई थप सवल र उपयोगी बनाउनुको साथै शिक्षा कर्नर राखि पोषिला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्यका महत्वपूर्ण दिवसहरु महिला स्वास्थ्य स्वयंसेविका दिवस, एड्स दिवस, विश्व स्वास्थ्य दिवस, क्षयरोग दिवस, धुम्रपान विरुद्धको दिवस लाई अवसरको रुपमा मनाइने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- सुर्तिजन्य पदार्थ र मदिराको नियमन् ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिने छ, साथै यसका लागि वजार अनुगमनलाई नियमित र प्रभावकारी गरिने छ ।
- समय समयमा विशेषज्ञ सेवा सहितको निःशुल्क स्वास्थ्य शिविरहरु संचालन गरिनेछ।
- स्वास्थ्य जोखिमको न्यूनीकरण तथा विदेशमा श्रम गर्ने स्थानीय जनताको स्वास्थ्य सुरक्षाका लागि आवश्यक स्वास्थ्य सूचना सम्प्रेषणको व्यवस्था मिलाइनेछ ।
- एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ र विद्यालयमा दन्तरोग पोषण तथा खाद्य सुरक्षा समबन्धि शिविर संचालनको व्यवस्था मिलाइनेछ ।

<u>खानेपानी तथा सरसफाई:-</u>

- गैर सरकारी संस्था Back to life e.v को आर्थिक सहयोग र समुदाय पद्वती विकास सेवा सिन्धुलीको समन्वयमा गोलन्जोर गाउँपालिकाको वडा नं १ को कालिआँप खानेपानी र जुँकेपानी खानेपानी योजना, गोलन्जोर-०३ को ग्वाल्टार खानेपानी योजना, गोलन्जोर ०४ को रानीखोला खानेपानी योजनाको निर्माण आगामी आ.व. २०८२/०८३ बाट शुरुवात गरिनेछ।
- खानेपानीको स्रोत संरक्षण गर्न स्रोत वरिपरी वृक्षारोपण गरिनेछ।
- दिगो विकास लक्ष्य अन्तर्गत सबैका लागी स्वच्छ खानेपानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न गाउँपालिकावासी लाई स्वच्छ र सफा खानेपानी आपूर्ति गराउन सरकारी तथा गैर सरकारी संस्था सँगको समन्वय र साझेदारीमा एक घर एक धारा निर्माण कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- परामपरागत ढुङ्गेधारा, पधेरा, कुवा, संरक्षण गरिनेछ।
- खानेपानीको सहज पहुँच नपुगेका क्षेत्रहरुमा सुनकोशी लगायतका नदीहरुबाट डिप वोरिङ्ग तथा लिफ्ट प्रणालीबाट खानेपानीको व्यवस्थापन गरिनेछ।
- खानेपानी मुहान सुदृढीकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर जाँच गरिने छ ।

<u>महिला बालबालिका तथा जेष्ठ नागरिक:-</u>

- बालबालिकाको सहभागितामा वृद्धि ल्याउन र बालबालिकाको माग सम्बोधन गर्न गाउँपालिका स्तरीय बाल भेला आयोजना गरिनेछ।
- प्रत्येक विद्यालयमा बाल क्लव गठन गरिनेछ। उक्त बाल क्लवहरुलाई सक्रिय बनाउँदै विभिन्न क्षेत्रहरुमा बाल सहभागिता सुनिश्चित गरिनेछ।

शंकर राज बराल
अध्यक्ष

- हिंसाबाट पिडित बालबालिका लाई आवश्यक स्वास्थ्य उपचार, संरक्षण र उचित शिक्षाका लागी आवश्यक पहल गरिनेछ।
- वालमैत्री वडा घोषाणाका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- असहाय एकल महिलालाई विशेष प्राथमिकता दिई जिविकोपार्जनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- महिला, बालबालिका, दलित, अल्पसंख्यक र पिछडिएका वर्ग प्रति हुने सबै प्रकारका भेदभाव, हिंसा, शोषणको अन्त्य गर्न वडा स्तरीय र प्रत्येक माध्यमिक विद्यालयहरुमा सचेतनामूलक कार्यक्रमका साथै आवश्यक सहयोग गरिनेछ।
- विभिन्न सीप विकास तालिम लिएका महिलाहरु STB सँग समन्वयंन गरेर सीप परिक्षण गर्ने कार्यको शुरुवात गरिनेछ ।
- गृहिणी महिला सीपमूलक तालिम संचालन गरिनेछ।
- बालविवाह न्युनिकरण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- बालबालिका सँग सम्बन्धित विभिन्न बाल सहभागितामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई सहज जीवनयापनका लागि अपाङ्गता सहायता सामाग्री जस्तै लठ्ठि, ह्वील चियर, दुईपाङ्ग्रे सवारी जस्ता सहायता सामाग्री वितरणलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई आय आर्जनका लागि सिपमूलक तालिम को व्यवस्था मिलाउने प्रयत्न गरिनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिक प्रति हुने दुर्व्यवहारलाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- जेष्ठ नागरिकलाई एम्बुलेन्स सेवामा दिएको छुट लाई निरन्तरता दिईनेछ।
- घुम्ती शिविर संचालन गरि जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकहरुलाई तिर्थयात्रा तथा अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भरिका अपाङ्गता भएका जेष्ठ नागरिकहरुलाइ सामाजिक सुरुक्षाको दायरामा ल्याइनेछ।

<u>कला तथा संस्कृती प्रवर्द्धन र लैङ्गिक समानता</u>

- पञ्चेबाजा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- आरन व्यवसायलाई आधुनिक रुपमा प्रवर्द्धन गरिनेछ।
- विभिन्न जातजातीले बुन्दै आएको घरायसी प्रयोजनका सामाग्रीहरुलाई संरक्षण गरी लोपहुन नदिन विभिन्न तालिम तथा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्र रहेका पुराना पोखरी र चौताराहरुको संरक्षण गरिनेछ ।त्यस्ता संरचनाको निर्माणमा स्थानीय स्रोत र साधनको प्रयोग गरिनेछ ।
- हायु जातिको भाषा संरक्षण तथा हायु संग्राहलय निर्माणका लागी आवश्यक पहल गरिनेछ।
- विभिन्न जातजाति संग्राहालयको निर्माण गरिनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न मातृभाषाहरु संरक्षण गरिनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न जाती समुदायहरुको कला संस्कृती संरक्षण गरिनेछ।
- गाउँपालिका भित्र रहेका राज्यको हरेक अंग तथा संयन्त्रमा महिला, आदिबासी जनजाती ,दलित ,अपाङ्ग ,गरीव, पछाडी परेका तथा पारिएका बर्ग , सिमान्तकृत समुदायको हितको लागी बिशेष कार्यक्रम ल्याइ आयआर्जन ,क्षमता बिकास मार्फत शसक्तिकरण गर्ने नीति ल्याइने छ।
- गोलन्जोर गाउँपालिकाको सन्देश जातीय छुवाछुतको पुर्ण बन्देज को नारालाई अनुसरण गर्दै जातिय उत्थान तथा सशक्तिकरण ऐन बनाई आयआर्जन मुलक र सिपमूलक कार्यक्रम टोल-टोलमा संचालन गरिनेछ।
- प्रत्येक बर्ष जेष्ठ २१ लाई जातीय छुवाछुत उल्मुलन दिवस विभिन्न कार्यक्रम गरी मनाइने छ।

शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

३. पूर्वाधार विकासः-

➢ सडक तथा पुल

- गोलन्जोर गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई स्तरोन्नति गर्दै लगिनेछ साथै नयाँ सडक निर्माण गर्दा अनिवार्य रुपमा ढल निर्माण गर्ने नीति लिइनेछ।
- गाउँपालिका भित्रका सडक निर्माण गर्दा निर्माणाधिन सडकको दिगोपनका लागि वायोईन्जिनियरिङ्ग प्रणाली अपनाइने छ ।
- भौतिक पूर्वाधार विकाससँग सम्बन्धित सम्पूर्ण निर्माण कार्यहरु गुणस्तरीय तवरले सम्पन्न हुने गरी ल्याबलाई आवश्यक उपकरणहरु र जनशक्ती व्यवस्थापन गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ ।
- प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई पूर्वाधार विकासको क्षेत्रसँग सम्बन्धित सम्पूर्ण संरचनाको डिजाइन, इष्टिमेट, गुणस्तर मापन आदीमा दक्ष बनाउने गरी आवश्यक्ता अनुसार तालिम तथा क्षमता विकासमा जोड दिइनेछ ।
- गोलन्जोर गाउँपालिका भित्र रिङ्गरोड निर्माणको अवधारणा बनाइनेछ।

सिंचाई, भवन तथा सहरी विकासः-

- कृषियोग्य जमिनमा कुलो, पैनी, लिफ्ट तथा नहर मार्फत बाह्रै महिना सिंचित हुने व्यवस्था मिलाईनेछ।
- वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माण र मर्मत गरिनेछ।
- हरेक घाटहरुमा मलामी विश्राम स्थल र शौचालय निर्माणको प्रयत्न गरिनेछ।
- गोलन्जोर गाउँपालिका भित्रका मुख्य तथा भित्रि सडकहरुको मापदण्ड अनुसार घर, संरचना, बनाउन सम्बन्धित समुदायहरुमा अनुशिक्षणको कार्यक्रम गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका हाट बजारलाइ व्यवस्थित गरिनेछ।
- गाउँपालिका भित्रका ठूला ठूला सडक तथा पुर्वाधारका योजनाहरुलाई प्रदेश तथा संघीय सरकार सँग समन्वय गरी सम्पन्न गरिनेछ।
- सुनकोशी मरिन डाइभर्सनले असर गर्ने गोलन्जोर गाउँपालिकाका ५ वटा प्रभावित वडाहरुलाई सिंचाईको विशेष व्यवस्था गर्न पहल गरिनेछ ।

भू उपयोग

- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्याका लागि पालिका स्तरको भुमि आयोग गठन गरी राष्ट्रिय भुमि आयोग संग समन्वय गर्दै काम अगाडि बढाईने छ ।
- अव्यवस्थित बसोबासीलाई पालिका आफैले प्रमाण पत्रको व्यवस्थापन गरी करको दायरामा ल्याईनेछ।

उर्जा तथा विद्युतः-

- गाउँपालिका भित्रका विद्युत नपुगेका बस्तीहरुमा विद्युत लाइन विस्तार गरिनेछ र आवश्यकता अनुसार विद्युत लाइनको क्षमता वृद्धि गरिनेछ ।
- गाउँपालिका भित्र भएका गरिब तथा विपन्न नागरिकहरुलाइ निःशुल्क विद्युत मिटर वितरण गरिनेछ।
- गाउँपालिका भित्रका मुख्य-मुख्य बजारहरुमा विद्युतीय चार्जिङ्ग स्टेशन निर्माणका लागि सम्बन्धित निकायसंग पहल गरिनेछ।
- गोलन्जोर गाउँपालिकाका मुख्य मुख्य बजारलाई लक्षित गरी सडक वत्तिको व्यवस्थाको लागि पहल गरिनेछ ।

सुचना तथा प्रविधिः-

➢ गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा जडान भएका इन्टरनेटलाई थप गुणस्तरयुक्त बनाईनेछ ।
➢ गाउँपालिकाले प्रवाह गर्ने हरेक सेवालाई चुस्त, दुरुस्त, पारदर्शी तथा प्रविधी मैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिँदै यसको विस्तार वडा कार्यालय सम्म गरिनेछ ।
➢ सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गरी छिटो छरितो, गुणस्तरीय र पारदर्शी बनाउँदै लगिनेछ



शंकर राज बराल
अध्यक्ष

सरकारी एकिकृत डेटा सेन्टर (जी.आई.डी.सी) मा डाटाहरु सुरक्षित गरेर राख्ने कार्यलाई आवश्यक समन्वय गरेर अगाडि बढाइनेछ ।

- गाउँपालिकाका विभिन्न शाखा, उपशाखा र इकाईहरुमा नवीनतम् प्रविधि तथा उपकरण जडान गरी सेवा प्रवाहलाई सरलीकृत गर्ने नीति लिइनेछ । Digital Display Board मार्फत गाउँपालिकाको काम कारवाही तथा जानकारीहरुको सूचना प्रवाह गरिनेछ ।
- गाउँपालिकाले हरेक काम कारवाही वेबसाइट, इमेल, अनलाइन नेटवर्किङ जस्ता विद्युतीय संचार माध्यमको प्रयोग गरी गाउँपालिका अन्तर्गत सबै वडाहरुलाई विद्युतीय सञ्चारसँग आवद्ध हुने अवधारणा प्रयोगमा ल्याउने नीति लिइनेछ ।
- कर्मचारीहरुलाई सूचना प्रविधि, ई-गभर्नेन्स तथा कृतिम वौद्धिकता सम्बन्धी तालिमको व्यवस्था गर्दै जनप्रतिनिधि र कर्मचारीहरुलाई साईवर अपराध सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ लगिनेछ
- वडास्तरीय सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले स्वीकृत गरेको र प्रयोगमा ल्याएको विभिन्न सफ्टवेयरहरु विभिन्न शाखहरुमा सञ्चालनमा ल्याईनेछ । अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरुलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ।
- स्थानीय तह स्वमूल्यांकन कार्यविधि, २०७७, वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ का सूचकहरूमा आधारित भई राम्रा अभ्यासलाई निरन्तरता दिइनेछ, सुधार आवश्यक क्षेत्र पहिचान गरी क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयनमा तिव्रता ल्याइनेछ। पालिकाबाट सञ्चालन हुने क्रियाकलापहरूमा नवप्रवर्तन (Innovation) लाई विशेष प्राथमिकता दिइनेछ।
- पालिकाको डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल तयार गरी सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आवद्ध गरि यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ ।
- डिजिटल नागरिक वडापत्रको शुरुवात गरिनेछ।
- गाउँपालिकामा व्यवसाय/ संघ संस्था र सहकारीहरुको दर्ता / सूचिकृत/ नवीकरण सम्बन्धीको एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको थालनी गरिनेछ।
- ग्वालटार बजारमा CCTV जडान गरिनेछ ।
- NT fiber मार्फत द्रुत गतिको इन्टरनेट सेवा विस्तार गरिनेछ ।

४. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन:-

<u>फोहोरमैला व्यवस्थापन</u>

- फोहोरमैला व्यवस्थापनको लागि उपर्युक्त स्थान को छनौट गरि ल्याण्डफिल्ड साइडको निर्माण निर्माणका लागि प्रयत्न गरिने छ ।
- सार्वजनिक तथा महत्वपूर्ण स्थानहरुमा डष्टविनको व्यवस्था गरिने छ।
- कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरि, गराई फोहोर संकलन कार्यलाई थप व्यवस्थित बनाइनेछ ।
- सार्वजनिक स्थल तथा सडक किनारामा हुने खुल्ला दिशा पिसाव कार्यलाई व्यवस्थित गर्न सार्वजनिक शौचालय निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
- फोहोर मैला दिर्घकालिन व्यवस्थापनका लागी फोहोरमैला तथा सरसफाई कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

<u>वन तथा वातावरण:-</u>

- विश्व वातावरण दिवसको अवसरमा सप्ताहव्यापी बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।
- बन जंगल जोगाई वातावरण संरक्षण गर्नका लागि लोप हुन लागेको पोखरी संरक्षण गरिनेछ।
- डढेलो नियन्त्रण मनसुनजन्य विपद तथा सडक दुर्घटना सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- सार्वजनिक जग्गाहरुको खोजी गरी संरक्षण गरिनेछ।
- डढेलो लगाउने व्यक्तिलाई दण्ड र सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याइने छ।
- बन संरक्षण सम्बन्धमा सामुदायिक बन र कबुलियत बनको अबधारणालाई अबलम्वन गरिनेछ ।
- बाँदर नियन्त्रणका लागि वनजंगलमा फलफूल खेति गर्न नागरिकलाई जागरुक बनाइनेछ।

शंकर राज बरेल
अध्यक्ष

- प्लास्टिकजन्य सामाग्रीको प्रयोगलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रम ल्याईनेछ ।

विपद व्यवस्थापन:-

- वडा स्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाई प्रत्येक वडाबाट विपद स्वयंसेवी तथा बिपद सुचक तयार गरी उक्त समूहलाइ खोज उद्धार र पुर्नस्थापना सम्बन्धी तालिम दिई परिचालन गरिनेछ ।
- बिपद् पूर्व तयारीको लागी खाद्यान्न, लत्ता कपडा तथा अन्य राहतका सामाग्रीहरु तयारी अवस्थामा राखिनेछ।
- बिपद् प्रतिकार्य अभ्यास संचालन गरिने छ।
- खेतियोग्य जमिन कटान रोक्न खोला तटिंय क्षेत्रमा तार जाली सहित जलाधार संरक्षण र महाभारत क्षेत्रमा अलैची अम्रिसो तेज पत्ता लोठ सल्ला जस्ता बिरुवा बृक्षारोपण गरि बन संरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- आपतकालिन खोज उद्धार, राहात पुनस्थापना र वेवारिसे शव व्यवस्थापनका लागी आवश्यक कार्य गरिनेछ ।
- विपद व्यवस्थापनका लागि गाउँपालिका स्तरीय र वडा स्तरीय गोदाम घर निर्माण गरिनेछ।

सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह:

- गाउँपालिका तथा मातहतका कार्यलयबाट नागरिकमा हुने सेवा प्रवाहलाई जनमुखी, उत्तरदायी, जवाफदेही बनाउन कार्यलयलाई थप व्यवस्थित बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहलाइ मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी , नतिजामुखीका साथै जनमुखी बनाउदै नागरिक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ।
- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहलाई विद्युतीय माध्यमद्वारा संचालन गरिनेछ।सो का लागि आवश्यक पर्ने सफ्टवेयर खरिद तथा संचालनको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाको क्षेत्रभित्रका बजार अनुगमन गरी व्यवसाय दर्ता, नवीकरणलाइ कडाइ गरी सवै प्रकारका व्यवसायलाई करको दायरामा ल्याइनेछ।
- नागरिकलाइ प्रत्यक्ष र नियमित सम्पर्क तथा सहयोग गर्न कार्यालयमा एक हेल्प डेस्क को स्थापना गराइनेछ।
- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहका सम्बन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरी जनता प्रति जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने कार्यलाइ निरन्तरता दिदै प्रभावकारी बनाइनेछ ।
- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा बेरुजु लाइ निरुत्साहित गर्दै लगिनेछ।
- गोलन्जोर गाउँपालिकामा कार्यान्वयनमा रहेका ऐन, नियम, कार्यविधी र मापदण्डहरुलाई आवश्यक्ता अनुसार समय सापेक्ष परिमार्जित गरिनेछ र आवश्यक अन्य कानून निर्माण गरिनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई यसै वर्ष देखि सामामाजिक सुरक्षा कोषमा आवश्यक्ता अनुसार आबद्धता गराउन शुरु गरिनेछ ।
- गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुको दुर्घटना बीमा गरिनेछ।
- गोलन्जोर गाउँपालिकालाई कार्यक्षेत्र बनाई पुर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा, खानेपानी, पोषण, विपद, बालबालिका, कृषि तथा पशुपालन तथा जिविकोपार्जन जस्ता क्षेत्रमा काम गर्ने ब्याक टु लाइफ इ.भि. जर्मनी, वर्ल्ड भिजन, नेवा, प्लान नेपाल, सिड्स नेपाल, रिलिफ नेपाल, जनजाति समाज विकास कार्यक्रम, समुदाय पद्धति विकास सेवा सिन्धुली र नेपाल रेडक्रस सोसाइटी लगायतका सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

- सामाजिक सुरक्षा भत्ता नागरिकलाई सुविधा हुने गरी वडाका टोल वस्तिमा नै गएर वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- घुम्ति शिविर सँगै हुने घटनादर्ता शिविरलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई समयमा नै वितरण गर्ने व्यवस्था गरिनेछ ।

➢ न्यायिक तथा मेलमिलाप:-

- न्यायिक समितिको सम्पूर्ण प्रशासनीक काम सफ्टवेयर मार्फत गरिनेछ।

शंकर राज बराल
अध्यक्ष

- मेलमिलापकर्ता तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- न्याय सम्पादनलाइ प्रभावकारी बनाउन न्यायिक समिति पदाधिकारीहरुको भ्रमण मार्फत सिकाइ आदान प्रदान गरिनेछ।
- वडा स्तरिय मेलमिलापकर्ताहरुलाई सकृय बनाई सानातिना विवादहरु वडाबाट नै समाधान गर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

<u>राजश्व परिचालनः-</u>

- राजस्व संकलन अनलाइन प्रविधिबाट गरिनेछ।
- करको दर तथा दायरा विस्तार गरि राजस्व वृद्धि गरिनेछ।
- उत्कृष्ट करदाता सम्मान कार्यक्रम गरिनेछ।
- गाउँपालिकाको कर संकलन सप्ताह कार्यक्रम संचालन गरिनेछ।
- राजश्व परिचालन सम्बन्धी क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा गोष्ठिको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको क्षेत्र भित्र उत्पादित वस्तुहरुलाई निकासी करको दायरामा ल्याइने छ।

आदरणीय गाउँ सभाका सदस्यज्यू हरु ,
समुन्नत र समृद्ध गोलन्जोर गाउँपालिकाको निर्माण को लागि फरक-फरक विचारधाराका हामी जनप्रतिनिधिहरु, विकास साझेदार संस्थाहरु, पेशाकर्मी, नागरिक समाज, शिक्षक वर्ग, विद्यार्थी, संचारकर्मीहरु, सरकारी कार्यालय, गैरसरकारी संस्थाहरु, दातृ निकायहरु तथा श्रमिक वर्गहरु हातेमालो गर्दै एक ढिक्का हुनुको कुनै विकल्प छैन । तसर्थ सम्पूर्ण गोलन्जोर बासीको अपेक्षालाई पूरा गर्ने विश्वासका साथ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा बार्षिक कार्यक्रम प्रस्तुत गरेको छु।यो नीति तथा कार्यक्रमको दिगो कार्यान्वयनमा सबै क्षेत्रबाट महत्वपुर्ण योगदान हुनेछ र कार्यान्वयन सँगै गाउँपालिका को दिर्घकालिन विकासको आधारस्तम्भ तयार हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

र अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने सबै गाउँसभा सदस्यज्यू हरु, सबै कर्मचारी मित्रहरु, संचारकर्मी मित्रहरु सबैलाइ हार्दिक आभार व्यक्त गर्दै सबैलाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

, शंकर राज बराल

शंकर राज बराल अध्यक्ष
अध्यक्ष